मितिः २०८२/१२/०१

समयः बिहान ८.०० बजे

स्थानः नागार्जुन नगरपालिका

नागार्जुन नगरपालिकाका कार्यवाहक नगर प्रमुख श्री सुशिला अधिकारीज्यूको अध्यक्षतामा यस नगरपालिका नगर कार्यपालिकाको नियमित बैठक तपसिलमा उल्लेखित पदाधिकारीहरूको उपस्थितीमा बसि देहायको निर्णय गरियो ।

तपसिलः-

| सि.नं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री सुशिला अधिकारी | कार्यवाहक नगर प्रमुख | |
| २ | श्री महेश रिमाल | प्रवक्ता एवम् वडा अध्यक्ष वडा नं. ५ | |
| ३ | श्री रामेश्वर लामा | वडा अध्यक्ष, वडा नं १ | |
| ४ | श्री थुमराज के.सी. | वडा अध्यक्ष, वडा नं २ | |
| ५ | श्री उमेश लामा | वडा अध्यक्ष, वडा नं ३ | |
| ६ | श्री लक्ष्मीराम शर्मा पौडेल | वडा अध्यक्ष, वडा नं ४ | |
| ७ | श्री देवेन्द्रराज गिरी | वडा अध्यक्ष, वडा नं ६ | |
| ८ | श्री शैलेन्द्र लामा | वडा अध्यक्ष, वडा नं ७ | |
| ९ | श्री सुरज कुमार पोखरेल | वडा अध्यक्ष, वडा नं ८ | |
| १० | श्री रामकृष्ण भट्टराई | वडा अध्यक्ष, वडा नं ९ | |
| ११ | श्री सुन्दर बहादुर के.सी. | वडा अध्यक्ष, वडा नं १० | |
| १२ | श्री शोभा नेपाली | नगरकार्यपालिका सदस्य | |
| १३ | श्री इशु खड्का | नगरकार्यपालिका सदस्य | |
| १४ | श्री कल्पना बसेल | नगरकार्यपालिका सदस्य | |
| १५ | श्री हुम्जला राई | नगरकार्यपालिका सदस्य | |
| १६ | श्री चन्दा सुनार | नगरकार्यपालिका सदस्य | |
| १७ | श्री अम्बिका सुनचिउरी गजमेर | नगरकार्यपालिका सदस्य | |
| १८ | श्री रमेश बसेल | नगरकार्यपालिका सदस्य | |
| १९ | श्री गणेश प्रसाद अर्याल | प्रमुख प्रशासकीय अधिकृत एवम् सदस्य सचिव | |

## आमन्त्रित कर्मचारीः-

| सि.नं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री कृष्ण बहादुर कुँवर | अधिकृत दशौं | |
| २ | श्री सुनिल आचार्य | वरिष्ठ शाखा अधिकृत | |
| ३ | श्री आनन्द कुमार खड्का | वरिष्ठ लेखा अधिकृत | |
| ४ | श्री कञ्चन खनाल | प्राविधिक शाखा प्रमुख | |
| ५ | श्री बिमोचन भण्डारी | वरिष्ठ इञ्जिनियर | |
| ६ | श्री सागर खत्री | कम्प्युटर अपरेटर | |
| ७. | श्री स्वन्दीप गिरि | इन्जिनियर | |
| ८. | श्री रोशन पोखरेल | प्रो.क. अधिकृत | |

## प्रस्तावः-

१. नगरपालिकाको नाममा जग्गा प्रासी सम्बन्धमा ।
२. नेपाल नगरपालिका संघको सदस्यता शुल्क भुक्तानी सम्बन्धमा ।
३. फोहोरमैला व्यवस्थापन ठेक्का प्रक्रिया अगाडि बढाउने सम्बन्धमा ।
४. वडा कार्यालय तथा संघसंस्था एवम् व्यक्तिबाट कार्यक्रम तथा सामाग्री माग भएको सम्बन्धमा ।
५. ऐन/कानून संशोधन/तर्जुमा सम्बन्धमा ।
६. नेपाल विद्युत प्राधिकरणमा रकम जम्मा गरिदिने सम्वन्धमा ।
७. विविध ।

## निर्णयहरू:

निर्णय नं. १

गत मिति २०८२/१०/०२ गते बसेको नगर कार्यपालिकाको बैठकको निर्णयहरू कार्यान्वयनको सम्बन्धमा समिक्षा गरियो ।

निर्णय नं. २

यस नगरपालिकाको वडा नं. ७ मा सूचना प्रविधिमा आधारित उपज बजार केन्द्र स्थापना गर्नु पर्ने हुँदा मालपोत कार्यालय, कलंकीमा नेपाल सरकारको नाममा पर्ति सरकारी जग्गाको रूपमा श्रेस्ता कायम भएको साविक स्यूचाटार गा.वि.स. वडा नं. ८ को कित्ता नं. ६९ जग्गा विपद् व्यवस्थापन गर्न यस वडाको लागि अन्यत्र पनि जग्गा व्यवस्थापन गर्न सकिने भनि स्थानीय विपद् व्यवस्थापन समितिको मिति २०८२/१०/२५ गतेको निर्णय समेतको आधारमा श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाडौं र श्री जिल्ला प्रशासन कार्यालय, बबरमहल, काठमाडौंमा जग्गा प्राप्तीको लागि आवश्यक प्रक्रिया अगाडि बढाउन अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

यस नगरपालिकाको वडा नं. ९ को आफ्नै वडा कार्यालय भवन नभएकोले दैनिक सेवा प्रवाहमा असहज भएको हुँदा मालपोत कार्यालय, कलंकीमा नेपाल सरकारको नाममा पर्ति सरकारी जग्गाको रूपमा श्रेस्ता कायम भएको साविक स्यूचाटार गा.वि.स. वडा नं. ३ को कित्ता नं. ६ को क्षेत्रफल १-७-२-० (७४७.१७ वर्ग मिटर) जग्गा विपद् व्यवस्थापन गर्न यस वडाको लागि अन्यत्र पनि जग्गा व्यवस्थापन गर्न सकिने भनि स्थानीय विपद् व्यवस्थापन समितिको मिति २०८२/१०/२५ गतेको निर्णय समेतको आधारमा श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाडौं र श्री जिल्ला प्रशासन कार्यालय, बबरमहल, काठमाडौंमा जग्गा प्राप्तीको लागि आवश्यक प्रक्रिया अगाडि बढाउन अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

नेपाल नगरपालिका संघको मिति २०८२/०५/१६ गतेको पत्रानुसार सदस्यता शुल्क भुक्तानी सम्बन्धमा लेखि आएकोले यस नगरपालिकाको सदस्य शुल्कवापतको रकम रू.५०,०००/- (पचास हजार) मात्र नेपाल नगरपालिका संघको नाममा यस नगरपालिकाको विविध कार्यक्रम खर्च शिर्षकमा विनियोजित बजेटबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ५

नागार्जुन नगरपालिका फोहरमैला व्यवस्थापन सम्बन्धी कानून बमोजिम नगरपालिका भित्र फोहरमैला व्यवस्थापनको लागि ठेक्का प्रतिस्पर्धाको माध्यमबाट प्रक्रिया सुरू गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

यस नगरपालिका अन्तर्गत वडा नं. ३ स्थित हल्चोक माध्यमिक विद्यालयको पर्खाल जीर्ण अवस्थामा रहेको तथा छतबाट वर्षायाममा पानी चुहिने समस्याले गर्दा विद्यार्थीको पठनपाठनमा प्रत्यक्ष असर परेकोले उक्त समस्या समाधान गर्नको लागि रकम रू.२,४३,७९२.२७/- (दुई लाख त्रिचालिस हजार सात सय बयानब्बे रूपैंया सताईस पैसा) विनियोजनको लागि सम्बन्धित वडा कार्यालयको प.सं. २०८२/०८३, च.नं. १५५२, मिति २०८२/११/१९ गतेको सिफारीस तथा सम्बन्धि विद्यालयबाट निवेदन पेश हुन आएकोले यस नगरपालिकाको वार्षिक विकास पुस्तिकाको खर्च शिर्षक नं.३११५९ को अन्य सार्वजनिक निर्माण/म्याचिङ फन्डमा विनियोजित बजेटबाट खर्च हुने गरी उक्त योजना सञ्चालनको लागि आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं. ७

यस नगरपालिका अन्तर्गत तपसिलमा उल्लेखित संघसंस्थाहरूबाट निम्न कार्यक्रम सञ्चालन गर्नको लागि बजेट माग गरी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उल्लेखित कार्यहरू गर्नको लागि निम्न शिर्षकमा विनियोजित बजेटबाट खर्च हुने गरी कार्यक्रमहरू सञ्चालन तथा सामाग्रीहरू खरिद गरी उपलब्ध गराउने निर्णय गरियो ।

सामाग्रीहरू माग तर्फ

| सि.नं. | निवेदकको नाम | कार्यक्रम/माग | बजेट शिर्षक | कैफियत |
|---|---|---|---|---|
| १ | गैरी क्षेत्र खानेपानी पाईप विस्तार | १००० लि. प्लास्टिक पानी ट्यांकी २ थान, २००० लि. प्लास्टिक पानी ट्यांकी १ थान, १/२ इन्च खानेपानी पाईप २०० मि., १ ईन्च पाईप १५० मि. | ढल, पाईप, पानी ट्यांकी खरिद (३११५९) | |
| २ | फस्कु चोक नजिक भित्री बाटो | डि.डब्लु.सि. ५०० एम.एम.को १५० मिटर पाइप | | |
| ३ | घट्टेटार नमुना बस्ती खानेपानी | ६३ एम.एम. पाईप करिव ५०० मिटर | | |
| ४ | वडा नं. १ को कार्यालय | मुस्लिम टोल गेन अगाडि बाटो मर्मत | अन्य सार्वजनिक निर्माण (३११५९) | |
| ५ | वडा नं. ७ को कार्यालय | पञ्चकन्या स्कुल ढल निर्माण कार्य (७५० एम.एम. डि.डब्लु.सि. ५० मिटर) | ढल, पाईप, पानी ट्यांकी खरिद (३११५९) | |
| ६ | घ्याम्पेकुवा संरक्षण समिति, वडा नं. १० | ४५० एम.एम.को २५ मिटर डि.डब्लु.सि. पाईप | | |

योजना तथा कार्यक्रमहरू माग तर्फ

| सि.नं. | निवेदकको नाम | कार्यक्रम/माग | रकम रू. | बजेट शिर्षक |
|---|---|---|---|---|
| १ | वडा नं. ३ स्थित इचंगुनारायण संरक्षण समिति | इचंगुनारायण मन्दिर पछाडि शौचालय मर्मत सम्भांर | ७०,४९२.२८ | अन्य सार्वजनिक निर्माण (३११५९) |
| २ | सिदेश्वर महिला समूह | शिवरात्री पुजा व्यवस्थापन खर्च | १,००,००० | भाषा सँस्कृति/जात्रा पर्व (२२५२२) |
| ३ | काठमाडौं वहिरा संघ | अपांगता भएका बहिरा व्यक्तिहरूको लागि १ दिने क्षमता अभिवृद्धि सम्बन्धि तालिम | १,००,००० | कार्यक्रम खर्च (२२५२२) |
| ४ | कालिदेवी मन्दिर | फागु पुर्णिमा कार्यक्रम सञ्चालन | ९९,००० | भाषा सँस्कृति/जात्रा पर्व (२२५२२) |
| ५ | नेपाल धोपाला संघ | कार्यक्रम सहयोग | स्वीकृत माग फाराम बमोजिम | |
| ६ | सुलसा मानन्धर, वडा नं. ६ | अन्तराष्ट्रिय कराते प्रतियोगितामा सहभागी भई काटा तर्फ प्रथम र फाइटिङ्ग तर्फ द्वितीय भएकाले यातायात खर्च स्वरूप | १५,००० | खेल प्रायोजन तथा खेलकुद व्यवस्थापन |
| ७ | भुवनेश्वरी जिवन योग प्रयोगशाला | योग ध्यान तथा साधना सञ्चालनका लागि योगा सामाग्री माग | स्वीकृत माग फाराम बमोजिम | विविध कार्यक्रम खर्च (२२५२९) |
| ८ | चःमति नेवाः खलः (समूह) | साँस्कृतिक बाजा माग | स्वीकृत माग फाराम बमोजिम | साँस्कृतिक बाजा खरिद (२२५२२) |
| ९ | राष्ट्रिय लोक भजन चुड्का संरक्षण प्रतिष्ठान नेपाल | बाध्यबादन सामग्री माग | स्वीकृत माग फाराम बमोजिम | |
| १० | इचंगुनारायण कल्याणकारी समाज | बाध्यबादन सामग्री माग | स्वीकृत माग फाराम बमोजिम | |

Ambika

| सि.नं. | निवेदकको नाम | कार्यक्रम/माग | रकम रू. | बजेट शिर्षक |
|---|---|---|---|---|
| ११ | गोरेगाउँ सेतीदेवी संरक्षण समिति | परम्परागत व्याण्ड बाजा | स्वीकृत माग फाराम बमोजिम | |

**निर्णय नं. ८**

सशस्त्र प्रहरी बल, नेपाल, दंगा नियन्त्रण रेजिमेन्ट गण निलबाराही, काठमाडौंको च.नं. १२४६, मिति २०८२/१०/११ गतेको पत्रबाट निवेदक गणको व्यारेक, मेश, बाटो तथा पेरिमिटर लगायत क्षेत्रमा बिजुली बत्तीको आवश्यकता रहेको भन्ने सम्बन्धमा लागत अनुमान तयार गरी रू.५,००,०००/- (पाँच लाख) भित्र रहने गरी उल्लेखित कार्य गराउने निर्णय गरियो ।

**निर्णय नं. ९**

नागार्जुन नगरपालिकामा चालु आर्थिक वर्ष भित्रमा तपसिल बमोजिमका कार्यविधिहरू तर्जुमा तथा संशोधन गर्ने निर्णय गरियो । **तपसिलः**

| सि.नं. | कानूनको नाम | कैफियत |
|---|---|---|
| १. | नागार्जुन नगरपालिकाको रमाइलो शुक्रबार कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ | तर्जुमा गर्ने |
| २. | नागार्जुन नगरपालिकाको माध्यामिक शिक्षा परिक्षामा स्तरीकृत अंक ल्याउने विद्यार्थी तथा विद्यालयलाई पुरस्कार तथा सम्मान सम्बन्धी कार्यविधि, २०८२ | |
| ३. | नागार्जुन नगरपालिकाको शिक्षक बैंक कार्यविधि, २०८२ | |
| ४. | नागार्जुन नगरपालिकाको शिक्षण सिकाई अनुदान व्यवस्थापन कार्यविधि, २०८० लाई संशोधन | संशोधनको लागि प्रस्ताव तयार गरी विधान समितिमा पेश गर्न शिक्षा शाखा प्रमुखलाई जिम्मेवारी तोक्ने |

**निर्णय नं.१०**

यस नगरपालिका अन्तर्गत बसोबास गर्ने तपसिलमा उल्लेखित व्यक्तिहरूले आर्थिक सहयोग पाउँ भनि यस नगरपालिकामा दिएको निवेदन अनुसार निजहरूलाई एक पटकको लागि खर्च शिर्षक नं. २७२१९ अन्य सामाजिक सहायता शिर्षकबाट विनियोजित बजेटबाट खर्च हुने गरी निम्न बमोजिमको आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।**तपसिलः**

| सि.नं. | निवेदकको नाम | रकम रू. | विवरण | कैफियत |
|---|---|---|---|---|
| १ | नानीराम खनाल | १०,००० | मुटु रोगी (मुटुमा पेशमेकर रहेक) | वडा नं. ६ |

**निर्णय नं. ११**

केन्द्रीय कारागार कार्यालय, जगन्नाथदेवल, काठमाडौंको प.सं. २०८२/८३, च.नं. २४९६, मिति २०८२/११/०८ गतेको पत्रबाट निवेदक केन्द्रको बन्दी सुधार गृह, भद्र बन्दि सुधार गृह र महिला सुधार बन्दी गृहका छुट्टाछुट्टै भवनमा करिव ३५०० जना कैदी बन्दिहरू मध्ये १६०० जना कैदी बन्दीहरू नियमित औषधि सेवन गरि बिरामी छन् यसै एरिया भित्र केन्द्रीय कारागार अस्पताल समेत रहेको हुँदा सोको सरसफाईको लागि हार्पिक ५०० लिटर र फिनेल १५० लिटर माग भएकोमा लघु उद्यम विकास कार्यक्रमबाट बचेको हार्पिक तथा फिनेल निःशुल्क उपलब्ध गराउने ।

निर्णय नं. १२
यस नगरपालिका अन्तर्गत वडा नं. ६ स्थित टौंफिखेल ज्योति प्रा.वि. सँगैको सामुदायिक भवन तल्ला थप उपभोक्ता समितिको निवेदन अनुसार सोही वडा नं. ६ साबिक डाडाँपौवा रामकोट गा.वि.स. वडा नं. ५ (क२) को कित्ता नं. ३३७ को जग्गा सार्वजनिक जग्गा रहेको भन्ने व्यहोराको पत्र श्री सामाजिक विकास मन्त्रालयलाई सिफारीस गरी पाउँ भनि दिएको निवेदनका सम्बन्धमा श्री मालपोत कार्यालय, कलंकी, काठमाडौंलाई उल्लेखित कित्ता जग्गाको मोठ श्रेस्ताको विवरण माग गरी हेर्दा श्री ५ को सरकार भई LRIMS प्रणालीमा इन्ट्री भएको भनि जानकारी प्राप्त भएकोले सोही व्यहोरा सिफारीस गर्ने निर्णय गरियो ।

निर्णय नं. १३
सम्मानित काठमाडौं जिल्ला अदालतको प.सं. २०८२/०८३, च.नं. ८०८, मिति २०८२/१०/२५ गतेको पत्रबाट मिति २०८२ साल भाद्र २३ र २४ गते भएको जेनजी आन्दोलनमा भएको आगजनी तथा तोडफोडबाट यस अदालतको मूल भवन तथा दोश्रो भवनमा रहेका कम्प्युटर लगायत अधिकांश सामानहरू जलेर नष्ट भएको र सो भवनबाट तत्काल सेवा प्रवाह गर्न समेत असम्भव देखिएको र क्षतिबाट मूल भवनमा रहेका २६ वटा इजलास तथा फाँट तथा अन्य शाखाहरूको अर्को ठाउँमा स्थानान्तरण गरी सेवा प्रवाह गर्नु पर्ने अवस्था देखिएकोले नियमित सेवा सुचारू गर्नको लागि (१) कम्प्युटर सेट १०, (२) प्रिन्टर ५ र (३) स्क्यानर ३ थान माग भएको बजेट सिमा रू.५,००,०००/- (पाँच लाख) भन्दा कम हुने गरी माग अनुसारको सामान उपलब्ध शिर्षक नं. २२५२९ को विविध कार्यक्रम खर्च शिर्षकबाट खर्च हुने गरी उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.१४
बागमती प्रदेश कृषि तथा पशुपन्छी विकास मन्त्रालयको स्थानीय तहमा सशर्त अनुदान अन्तर्गत कृषि कार्यक्रम कार्यान्वयन कार्यविधि २०८२ अनुसार परिच्छेद - दफा ३ को अनुसूची ४ अनुसार निर्णय भई मिति: २०८२/०८/०४ गते को नगरपालिकाको मुल्यांकन समितिले शसर्त अनुदानको व्यवसाय सुदृढीकरण कार्यक्रम रु. २० लाख रहेकोमा उक्त कार्यक्रमको मापदण्ड तयार गरि क्रमश संख्या: १० वटा गाई/भैंसी फार्म, ५ वटा बाखा फार्म र ५ वटा कुखुरा पालन फार्मको व्यवसाय सुदृढीकरणको लागि भौतिक निर्माणको (खोर/गोठ मर्मत तथा सुधार प्रति फार्म रु. १ लाख) निर्णयलाई, कार्यपालिकामा पेश भए अनुसार मिति: २०८२/८/२१ गते नगर कार्यपालिकाको बैठकले सोही अनुसार निर्णय गरि मिति: २०८२/०८/२१ गते २१ दिने प्रस्ताव आह्वानमा बाखा पालन व्यवसायमा ६ वटा प्रस्ताव परेको र दोश्रो पटकको मिति: २०८२/०९/३० गते १५ दिने प्रस्ताव आह्वानमा समेत जम्मा क्रमश संख्या: गाई/भैंसी ८ वटा र कुखुरामा ४ वटा मात्र पस्ताव परेकाले रु. २० लाखमा रु. ३ लाख रकम बचत भएकोले उक्त रकम फिर्ता नगरि बाखा पालन व्यवसायमा सूचना अनुसार प्रस्ताव पेरका कृषकको मापदण्ड अनुसार पुरा भएको हुदाँ गाई/भैंसीमा छुट्टाईएको रकमलाई बाखा फार्ममा संख्या: १ थप गरि रु. १ लाख रकम अनुदान उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १५
यस नगरपालिकामा कार्यरत नगर प्रहरी तथा नगर प्रहरीको सवारी चलाउने सवारी चालक समेतलाई नगर प्रहरी तालिम समाप्त भई नगरपालिकामा हाजिरी भएको दिन देखि लागू हुने गरी नेपाल सरकारले काठमाडौं उपत्यकाका प्रहरीहरूलाई उपलब्ध गराउदै आएको राशन भत्ता सरहको रकम निजहरूको हाजिरीको आधारमा उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १६

नागार्जुन नगरपालिकाको नगरस्तरीय खानेपानी तथा सरसफाई समन्वय समितिको मिति २०८२/१०/२३ गते बसेको बैठकले यस नगरपालिका वडा नं. ७ मा रहेको त्रिमुखा खानेपानी उपभोक्ता समिति दर्ता गरी प्रमाण पत्र उपलब्ध गराउने निर्णय भएको हुँदा उक्त निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. १७

नेपाल विद्युत प्राधिकरण, कुलेश्वर वितरण केन्द्रको प.सं. २०८२/०८३, च.नं. ७९३, मिति २०८२/११/१० को पत्रबाट यस नगरपालिका वडा नं. ६ स्थित फस्कु देखी घटेखोला नर्सरी रोड सम्मको एल.टी. लाईन विस्तार तथा सोही सडकको बीचमा रहेको एल.टी. पोलहरू सिफ्ट गर्नको लागि सडकको भागमा रहेका विद्युत पोलहरू स्थानान्तरण गर्नु पर्ने भएकाले उल्लेखित प्राधिकरणबाट प्राप्त प्राविधिक लागत अनुमान बमोजिमको रकम रू.१५,३७,१६१.३०/- (अक्षरूपी पन्ध्र लाख सैतिस हजार एक सय एकसठ्ठी रूपैंया तिस पैसा) नेपाल विद्युत प्राधिकरण, कुलेश्वर वितरण केन्द्रको नाममा नबिल बैंक लिमिटेड कुलेश्वरमा रहेको धरौटी खाता नं. ००२०१०१७५०५४८६ मा उक्त रकम जम्मा गर्नको लागि पत्राचार भएकोमा सम्बन्धित योजनामा बचत भएको रकमबाट खर्च हुने गरी उल्लेखित रकम नेपाल विद्युत प्राधिकरणको नाममा भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. १८

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सुशासन प्रवर्द्धन शाखाको प.सं. २०८२/०८३, च.नं. १८१, मिति २०८२/१०/११ गतेको परिपत्रबाट श्री राष्ट्रिय सतर्कता केन्द्रको पत्रानुसार जिल्ला प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय, ईलाका प्रहरी कार्यालय, ट्राफिक प्रहरी, जिल्ला समन्वय समिति तथा को.ले.नि.का. लगायत संघीय सरकारको कार्य क्षेत्र भएका निकायहरूले प्रशासनिक खर्च, इन्धन, सवारी मर्मत लगायतका खर्चका लागि स्थानीय तहमा बिल पठाउने, भुक्तानी माग गर्ने र अधिकारको दुरूपयोग गरी भुक्तानी गराउन बाध्य पार्ने जस्ता कार्य गरी स्थानीय तहबाट अनाधिकृत रूपमा खर्चको व्ययभार थप्ने गरेको भनी राष्ट्रिय सतर्कता केन्द्रमा दर्ता भएको उजुरीको सम्बन्धमा उजुरीको विषयमा सो प्रकृतिका खर्चहरू नगर्नु/नगराउनु हुन भनि लेखि आएकोले खर्च न्यूनतम गर्ने र आवश्यकता र औचित्यको आधारमा मात्र भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. १९

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, हेलो सरकारमा मिति २०८२/१०/२६ गते परेको टिकट नम्बर HS-WEB-103066-DA मा यस नगरपालिकाका नगर प्रमुखका लागि खरिद गरिएको गाडि हाल सञ्चालनमा नरहेकोले सो सम्बन्धमा पर्न गएको उजुरी सम्बन्धमा कार्यालयको आवश्यकता अनुसार सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं. २०

आ.व. २०८२/०८३ को कार्यक्रम/परियोजना अनुसार बजेट विनियोजन क्र.सं. १७१ अन्तर्गत "डिजिटल प्रोफाइल, हाउस नम्बरिङ्ग तथा सडक नामाकरण (वडा नं. १-१०)" कार्यक्रमका लागि विनियोजित रु. १,५०,००,०००/- को परिधिभित्र Drone Based Integrated Mapping / Addressing System तथा Smart Municipal Service Platform सञ्चालन तथा कार्यान्वयन गर्ने निर्णय गरियो । यस सिलसिलामा नागार्जुन नगरपालिकामा सम्बन्धित आईटमहरूको दररेट निर्धारण नभएकोले लागत अनुमान तयार गर्दा काठमाडौं महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयको दररेट सिफारिस समितिको प्रतिवेदन, २०८२ मा उल्लेखित दररेटलाई सन्दर्भ आधारका रूपमा अवलम्बन गरी आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो। साथै नगरपालिका अन्तर्गतका सडकहरूको नामाकरण गर्नको लागि स्थानीय बासी, भद्रभलादमी, जनप्रतिनिधिहरू समेतले सिफारीस गरेको आधारमा क्रमैसँग नामाकरण गर्दै जाने निर्णय गरियो ।

निर्णय नं. २१

यस नगरपालिकामा कार्यरत रहँदै आएका कर्मचारीहरूलाई प्रदान गरिदै आएको प्रोत्साहन भत्ताको विषयमा सूचकमा आधारित मापदण्ड बनाई लागू गरिने र हाल मिति २०८२ साल चैत्र १ गतेदेखि बन्द गरी नयाँ मापदण्ड तथा सूचक तयार गरी लागू गर्ने तपसिलमा उल्लेखित पदाधिकारी तथा कर्मचारी रहने गरी तीन सदस्यी समिति गठन गर्ने निर्णय गरियो । तपसिल:

| | | |
|---|---|---|
| श्री महेश रिमाल | नगर प्रवक्ता एवम् वडा अध्यक्ष | संयोजक |
| श्री सुन्दर बहादुर के.सी. | वडा अध्यक्ष | सदस्य |
| श्री थुमराज के.सी. | वडा अध्यक्ष | सदस्य |
| श्री सुनिल आचार्य | वरिष्ठ अधिकृत आठौं | सदस्य सचिव |

निर्णय नं. २२

नागार्जुन नगरपालिकाको चालू आर्थिक वर्षको फाल्गुण मसान्तसम्मको आय व्यय विवरण सम्बन्धमा छलफल गरियो ।

निर्णय नं. २३

यस नगरपालिकाको चालु आर्थिक वर्ष (आ.व २०८२-८३) मा तपशिल बमोजिमको योजनाहरुको बहुवर्षीय योजना अन्तर्गत कार्यान्वयन गर्नु पर्ने भएकोले **सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ बमोजिम सम्बन्धित योजनाहरूको मास्टर प्रोक्योरमेन्ट प्लान (Master Procurement Plan)** स्वीकृत गर्ने निर्णय गरीयो।

तपशील:

| क.सं. | योजनाहरुको विवरण | लागत अनुमान | वार्षिक खरिद | | कैफियत |
|---|---|---|---|---|---|
| | | | पहिलो आ.व २०८२-८३ | दोस्रो आ.व २०८३-८४ | |
| १. | Nagarjun/NCB/W/15/2082-83, Ward No. 08 Office Building Construction Works | रू.५,५६,६८,८९०.१६ | रू.३,००,००,०००.०० | रू.२,५६,६८,८९०.१६ | |
| २. | Nagarjun/NCB/W/47/2082-83 Ward No 7 Syuchatar and Godamthok Different Road Upgrading Works | रू.१,२४,५९,२२२.९४ | रू.६२,२९,६११.४७ | रू.६२,२९,६११.४७ | |

निर्णय नं. २४

यस नागार्जुन नगरपालिकाले जलवायु परिवर्तनको चुनौतीलाई सामना गर्न र दिगो ऊर्जाको पहुँच विस्तार गर्न विश्वव्यापी सहरहरूको सञ्जाल **'ग्लोबल कोवेनेन्ट अफ मेयरर्स फर क्लाइमेट एण्ड इनर्जी' (Global Covenant of Mayors for Climate & Energy - GCoM)** मा प्रतिबद्धता जनाउने निर्णय अनुमोदन गरियो।

निर्णय नं. २५

यस नगरपालिकाबाट सञ्चालन हुने तपशील बमोजिमको आयोजनाहरुको विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गर्ने कार्य परामर्शदाता मार्फत सम्पन्न भई यस कार्यालयमा पेश भएकोमा उक्त प्रतिवेदनहरुमा समावेश डिजाइन, ड्रइङ्ग, लागत अनुमान तथा अन्य विवरण स्वीकृत गरी सोही अनुसार कार्यान्वयन तथा आवश्यक खरिद प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

| क.सं. | योजनाको विवरण | ठेगाना | लागत अनुमान | कैफियत |
|---|---|---|---|---|
| १. | Geo -technical Investigation and Design of Mitigation Measures for road side Slope disaster Management using Nature Based Solutions in ward no.6 and 8, Nagarjun Municipality. | वडा नं.६,८ | रू.८४,८९,७९७.४७ | |
| २. | Detailed project Report (DPR) of Aadeshwor Mandir Construction and landscaping Works, Ward no.5 | वडा नं.५ | ६,०७,४८,४०४.९८ | |
| ३. | Brief Environmental Study of Ichangunarayan Water Supply Project, ward no.3 | वडा नं.३ | - | |

निर्णय नं. २६

यस नगरपालिका अन्तर्गत विभिन्न मितिमा सम्झौता भई निर्माण कार्य संचालन भएका तपशिलमा उल्लेखित योजनाहरुमा काम गर्ने क्रममा केही आईटमहरुको परिमाण ल.ई तयार गर्दा भन्दा थप घट हुन हुन गएको हुँदा सार्वजनिक खरिद ऐन,२०६३(चौथो संशोधन समेत) दफा ५४ बमोजिम भेरिएशन स्वीकृत गरी भुक्तानि दिने निर्णय गरीयो। तपसिलः

| क.स | ठेक्काको विवरण | निर्माण व्यवसायीको विवरण | सम्झौता रकम (रू) | संशोधित सम्झौता रकम (रू) | भेरिएशन प्रतिशत र रकम (रू) | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | Ward No. 8 Majuwa Basti Sadak Staronnati Nagarjun/NCB/W/07/2082-83 | Monika And Bihani Construction Pvt. Ltd. | रू.२६,२२,३७३.३४ | रू.२४,७३,४६५.६८ | -५.७८% (१,३४,८६१.८७) | |
| २. | Chakra Binayak Khanepani Ayojana (Nagarjun/NCB/W/46/2080-81) | New Kalika Devi Construction | रू.७४,८४,६९२.५१ | रू.६४,६१,०१९.०३ | -१३.६२ % (९,०५,९०५.७३) | |
| ३. | Nagarjun/NCB/W/36/2079-80 Syuchatar Water Supply Project | Vision-Doleshwor JV Anamnagar-10, Kathmandu | रू.७,४१,९९,२९२.४१ | रू.६,४०,७९,८०२.०५ | -१२.८३% (८४,२४,३२७.७६) | |

निर्णय नं. २७

नागार्जुन नगरपालिकाबाट ठेक्का आह्वानबाट संचालन भईरहेका आयोजनाहरु , परामर्शदाताहरुको कार्य विभिन्न कारण समयमा सम्पन्न हुन नसकेका तपशिल बमोजिमका योजानाहरु तथा परामर्श कार्यहरुको म्याद थप गर्ने निर्णय गरीयो। तपसिलः

| सि.नं. | योजनाहरूको विवरण | निर्माण व्यवसायी/परामर्शदाताको नाम | म्याद थपको विवरण | कैफियत |
|---|---|---|---|---|
| १. | Nagarjun/NCB/W/21/2081-82 Ward No. 5 Pani tanki to Kunwar Gaun Road Upgrading Works. | Next Generation Engineering And Builders Pvt. Ltd. Nagarjun-08 Kathmandu. | चैत्र मसान्त सम्म | |

निर्णय नं.२८

काठमाडौं जिल्ला मालपोत कार्यालय, कलंकीको फिल्ड बुकमा कायम रहेको जग्गा धनि महल खाली, मोहीको महलमा विष्णुहरी खनाल तथा किसानको व्यहोरामा यो जग्गा थकाली बेदनाथ समेत चकनारायण गुठीको हो चलाई खाई आएको छु भन्ने व्यहोरा साविक सीतापाईला गा.वि.स. वडा नं. ६ (हाल नागार्जुन न.पा.वडा नं. ५) सिट नं. १०२-१०६६-०६ कित्ता नं. ३६ (दर्ता बाँकी) साविक १९९ (५क) क्षेत्रफल १-२-२-० को जग्गा यस आ.व.मा प्रदेश सशर्त अन्तर्गत विनियोजित बजेट रू.५० लाख र नगरपालिकाबाट विनियोजित रू.२५ लाखबाट विश्वामित्र ऋषि सामुदायिक भवन निर्माण गर्ने जग्गा धनी गुठी पक्षका मानिसहरूको मन्जुरनामा भई वडा नं. ५ कार्यालयको सिफारीस सहित यस कार्यालयमा पेश हुन आएको आएकोमा सम्बन्धित हकवालाहरूको मन्जुरी लिई उक्त जग्गामा विश्वामित्र सामुदायिक भवन निर्माणको लागि नक्शा पास तथा खरिद प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं.२९

यस नगरपालिका अन्तर्गत वडा नं. ५ स्थित फेयखवा मानन्धर गुठीको निवेदन अनुसार हरिसिद्धि माताको जात्राको लागि रथ मर्मत गर्नको लागि रकम रू.२,००,०००/- (दुई लाख) मात्र यस नगरपालिकाको भाषा सँस्कृति/जात्रा पर्व (२२५२२) मा विनियोजित बजेटबाट कार्य गर्नको लागि सम्झौताको प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं.३०

श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको मिति २०८२ पुस ३ गतेको मन्त्रीस्तरीय निर्णयानुसार राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०८२ स्वीकृत गरिएको छ । उक्त निर्देशिकांको दफा ११ (१) बमोजिम प्रत्येक स्थानीय तहमा राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्न र श्रम तथा रोजगारसँग सम्बन्धित सेवा प्रभावकारी रूपले व्यवस्थापन र सञ्चालन गर्न स्थानीय कार्यक्रम कार्यान्वयन समिति रहने व्यवस्था भएकोमा यस नगरपालिकामा देहाय बमोजिमको समिति रहने निर्णय गरियो ।देहायः

| | |
|---|---|
| क. प्रमुख/अध्यक्ष | अध्यक्ष |
| ख. प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ग. संयोजक, सामाजिक विकास समिति | सदस्य |
| घ. प्रमुख, आर्थिक प्रशासन शाखा | सदस्य |
| ङ. प्रमुख, सामाजिक विकास शाखा | सदस्य |
| च. प्रतिनिधि, स्थानीय तहमा रहेका बैंक तथा वित्तीय संस्था (सम्बन्धित स्थानीय तहले तोकेको) | सदस्य |
| छ. प्रतिनिधि, उद्योग वाणिज्य संघ (स्थानीय) | सदस्य |
| ज. रोजगार संयोजक | सदस्य |

निर्णय नं.३१

यस नगरपालिकाको आ.व. २०८२/०८३ को नगर सभाबाट वडा सिलिङ्ग अन्तर्गत **वडा भित्रका ढल, मंगाल, जमाचो सिढी तथा सडक स्तरोन्नती बत्ती मर्मत समेतमा** विनियोजित रकम रू.११,००,०००/- (एघार लाख) मध्येबाट सोही वडा स्थित श्री गणेश सभ्यता टोल भित्री बाटो ढल स्तरोन्नतीको लागि रकम रू.३,७०,०००/- (तीन लाख सत्तरी हजार) मात्र र सनराईज हाइट भित्री बाटो ढल स्तरोन्नतीको लागि रकम रू.१,५०,०००/- (एक लाख पचास हजार) मात्रबाट कार्य गर्नको सम्बन्धित वडाको प.सं. २०८२, ०८३, च.नं. १७५९, मिति २०८२/११/२९ गतेको पत्रबाट लेखि आएकोले उक्त कार्य गर्नको लागि सम्झौताको प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं.३२

नागार्जुन नगरपालिका अन्तर्गत तपसिलमा उल्लेखित वडाहरूमा तपसिलमा उल्लेखित योजनाहरू ५०/५० प्रतिशतमा लागत साझेदारीमा योजना सञ्चालन गर्नको लागि उपभोक्ताहरूको निवेदन पेश भएकोमा नगरपालिकाको नीति अनुसार ५० प्रतिशत सहभागिता उपभोक्ताबाट व्यहोर्ने गरी योजना सञ्चालन गर्न माग भएमा सोलाई प्राथमिकता दिने नीति रहेकोले निम्न योजनाहरूलाई लागत साझेदारीमा सञ्चालन गर्न नागार्जुन नगरपालिकाको वार्षिक नगर सभा पुस्तिकाको जनसहभागिता शिर्षकमा विनियोजित बजेटबाट देहाय बमोजिम हुने गरी उल्लेखित योजना सम्झौता गरी कार्य अगाडि बढाउने निर्णय गरियो ।तपसिलः

| सि.नं. | योजनाको नाम | वडा नं. |
|---|---|---|
| १ | रातोमाटे जोखिम बस्ती सेरवाल निर्माण | ३ |

निर्णय नं.३३

यस नगरपालिकाबाट आ.व. २०८१/०८२ मा सम्झौता भई बिन्दाबासिनी मन्दिर स्तरोन्नती कार्यको म्याद हालसम्म थप तथा अनुगमन गरी कार्य सम्पन्न प्रतिवेदन बमोजिम भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं.३४

यस नगरपालिका अन्तर्गत वडा नं. ९ स्थित नक्सा सिट नं. १०२११०११५ को कित्ता नं. १८२ को जग्गा सार्वजनिक जग्गा रहेको भन्ने व्यहोराको पत्र श्री सामाजिक विकास मन्त्रालयलाई सिफारीस गरी पाउँ भनि दिएको निवेदनका सम्बन्धमा श्री मालपोत कार्यालय, कलंकी, काठमाडौंलाई उल्लेखित कित्ता जग्गाको मोठ श्रेस्ताको विवरण माग गरी हेर्दा श्री ५ को सरकार भई LRIMS प्रणालीमा इन्ट्री भएकोले उक्त जग्गा कर्भड हलको रूपमा विकास गर्नको लागि सोही व्यहोरा सिफारीस गर्ने निर्णय गरियो ।

निर्णय नं. ३५

प्रतिनिधि सभा निर्वाचन, २०८२ मा निर्वाचित हुनु भएका प्रतिनिधि सभा सदस्यहरू क्षेत्र नं. ७ का माननीय गणेश पराजुली, क्षेत्र नं. ८ का माननीय बिराज भक्त श्रेष्ठ र क्षेत्र नं. ९ का माननी डि.पि.अर्याललाई निर्वाचित हुनु भएकोमा नागार्जुन नगरपालिकाको तर्फबाट कार्य सफलताको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्ने नीर्णय गरियो ।

निर्णय नं. ३६

प्रतिनिधि सभा निर्वाचन, २०८२ निर्वाचनको क्रममा कार्यालय व्यवस्थापन, मतगणना स्थल निर्माण, बुथ निर्माण लगायतका प्रशासनिक कार्य श्री निर्वाचन आयोग तथा श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, र श्री जिल्ला निर्वाचन कार्यालयबाट अनुरोध भई आए बमोजिम गरिएका खर्च अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३७

यस नगरपालिकाको मिति २०८०/०३/०४ गतेको नगर कार्यपालिकाको बैठकबाट यस नगरपालिकामा कार्यतर आ.ले.प.अधिकृत (छैठौं) श्री प्रेम बहादुर गिरीलाई बागमती प्रदेश सरकारबाट जारी भएको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ६ को उपदफा (३) बमोजिम एक तह वृद्धि गरी दरवन्दी मिलान तथा पदस्थापना गर्ने भनि निर्णय भएकोमा निज प्रेम बहादुर गिरी कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम मुसिकोट नगर कार्यपालिकाको कार्यालय, रूकुम (पश्चिम) मा समायोजन भई श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७८/०५/३१ को च.नं. १५३ को पत्रानुसार यस नगरपालिकामा आ.ले.प.अधिकृत कामकाज गर्न खटिई आएको हुँदा बागमती प्रदेश सरकारबाट जारी भएको ऐनको दफा १४५ मा अन्य प्रदेशका स्थानीय तहबाट कामकाज वा काजमा खटिएका कर्मचारी यो ऐन बमोजिम हुने तहवृद्धि, बढुवा, उपदान, निवृत्तभरण लगायतका सुविधा पाउने छैन भनि स्पष्ट उल्लेख भएको हुँदा यस नगरपालिकाबाट विगतमा भएको निर्णय कुनै कानूनी आधार बिना भएको पाईएकोले उक्त निर्णयलाई आगामी नगर सभाबाट अनुमोदन हुने गरी यसै बैठकबाट बदर (खारेज) गर्ने निर्णय गरियो ।

निर्णय नं. ३८

यस नगरपालिकामा कार्यरत वरिष्ठ आ.ले.प.अधिकृत (सातौं) श्री प्रेम बहादुर गिरी कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम मुसिकोट नगर कार्यपालिकाको कार्यालय, रूकुम (पश्चिम) मा समायोजन भई श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७८/०५/३१ को च.नं. १५३ को पत्रानुसार यस नगरपालिकामा आ.ले.प.अधिकृत कामकाज गर्न खटिई आएकोमा निजले यस कार्यालयमा तहवृद्धिको लागि निवेदन दिएकोमा बागमती प्रदेश सरकारबाट जारी भएको स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा १४५ मा भएको व्यवस्थाले निजको तहवृद्धि दिन नमिल्ने भएकोले निजले मुसिकोट नगरपालिकाबाट मिति २०८१/०९/२१ गते लागू हुने गरी तहवृद्धि लिई सकेको र हाल निजको यस नगरपालिकाबाट तहवृद्धि गर्न मिल्ने आधार नदेखिएको । साथै निजको सेवा अब उप्रान्त यस नगरपालिकालाई आवश्यक नपरेको र निज दरबन्दी रहेको नगरपालिकामा तहवृद्धि समेत लिएकोले मुसिकोट नगरपालिका रूकुम पश्चिममा निजको काज फिर्ता गर्ने निर्णय गरियो ।